# हाम्रो बरेङ

# स्थानीय पाठ्यक्रम

## आधारभूत तह (कक्षा १-३)

२०७८

# बरेङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## हुग्दिशिर बागलुङ ।

प्रकाशक: बरेङ गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा

सर्वाधिकारः प्रकाशकमा निहित

प्रथम प्रकाशन : वि.सं. २०७८

बरेङ गाउँपालिकाको स्वीकृतीबिना व्यापारिक प्रयोजनका लागि यस पाठ्यक्रमको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट अभिलेखबद्ध गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

**स्थानीय पाठ्यक्रम निर्माण समिति**

संयोजक: श्री सुर्य प्रसाद शर्मा (शिक्षा अधिकृत) बरेङ गाउँपालिका बागलुङ ।

सदस्य : श्री यज्ञ प्रसाद न्यौपाने (स्रोत व्यक्ति) बरेङ गाउँपालिका बागलुङ ।

सदस्य : श्री विष्णु प्रसाद न्यौपाने (प्राविधिक सहायक) बरेङ गाउँपालिका बागलुङ ।

सदस्य : श्री देवीदत्त पौडयाल (प्र.अ.) श्री शारदा मा.वि.बाटाकाचौर ।

सदस्य : श्री कृष्ण प्रसाद आचार्य (शिक्षक) श्री सर्वोदय मा.वि. हुग्दिशिर ।

सदस्य : श्री थुमराज ढुङ्गाना (शिक्षक) श्री धुल्लु लिउँवा मा.वि. धुल्लुबास्कोट ।

सदस्य : श्री जयन्द्र पुन (शिक्षक) श्री महेन्द्र मा.वि. सुखौरा ।

सदस्य : श्री प्रेम बहादुर खत्री (प्र.अ.) श्री धौलागिरी प्रा.वि. सल्यान ।

**विशेष आभार :**

श्री कृष्ण प्रसाद शर्मा (अध्यक्ष) बरेङ गाउँपालिका बागलुङ ।

श्री डिल कुमारी पुन (उपाध्यक्ष) बरेङ गाउँपालिका बागलुङ ।

श्री रमेश थापा (प्रमुख प्रशासकीय अधिकृत) बरेङ गाउँपालिका बागलुङ ।

श्री नर बहादुर वि.क. (सामाजिक विकास समिति संयोजक) बरेङ गाउँपालिका बागलुङ ।

**भाषा सम्पादक:** श्री लक्ष्मी देवी पौडेल ढुङ्गाना, (विषय विज्ञ) श्री धुल्लु लिउँवा मा.वि बरेङ १ बागलुङ ।

# हाम्रो भनाइ

बरेङ गाउँपालिकाले विद्यालय तहको शिक्षामा रहेको स्थानीय विषयलाई बढी उद्देश्यमूलक, व्यवहारिक, समसामयिक एवम् स्तरीय बनाउने अभिप्रायले स्थानीय शिक्षक, अभिभावक, विद्यार्थी र बुद्धिजीवीबाट रायसुझाव सङ्कलन गरी स्थानीय पाठ्यक्रम बनाइ सोअनुसारको पाठ्यपुस्तक तयार गर्ने कार्यलाई अघि बढाएको छ । कुनै पनि पाठ्यक्रम शिक्षण प्रक्रियाको मूल आधार हो र यसकै आधारमा शैक्षिक क्रियाकलाप सञ्चालन हुने भएकाले स्थानीय पाठ्यक्रम पनि स्तरीय, समसामयिक र परिवेशअनुकूल निर्माण गरिनुपर्छ । वर्तमान लोकतान्त्रिक परिवेशमा यसै मान्यतानुसार कक्षा १ देखि ३ सम्मको आधारभूत शिक्षा पाठ्यक्रममा रहेको स्थानीय अंशलाई व्यवहारोपयोगी बनाउन पाठ्यक्रम विकास गरिएको हो । यो पाठ्यक्रम शैक्षिक सत्र २०७८ सालदेखि गाउँपालिकाका सबै सामुदायिक तथा संस्थागत विद्यालयमा कक्षा १, २ र ३ मा लागु  गरिने छ । यस पाठ्यक्रम लागु गर्दा सरोकारवालाहरूबाट प्राप्त पृष्ठपोषणलाई समायोजन गरी यसलाई अझ बढी व्यापक र प्रभावकारी बनाउँदै  लगिने छ । यस पाठ्यक्रममा बालबालिकाले जान्नुपर्ने र सिक्नुपर्ने विषयहरूका सन्दर्भमा विभिन्न व्यक्तिका सुझावहरू, गाउँपालिका स्तरीय गोष्ठी तथा शिक्षा समिति तथा पाठ्यक्रम विशेषज्ञ आदिबाट प्राप्त पृष्ठपोषणसमेतका आधारमा विषयगत क्रमबद्धतासमेतलाई विशेष ध्यान पुऱ्याइएको छ । पाठ्यक्रम निर्माण गर्न गठित शिक्षक विशेषज्ञहरूका कार्यदल, शिक्षकको कार्यशाला तथा शिक्षा समितिका अतिरिक्त गाउँ कार्यपालिकाका सदस्यहरूको सुझावसमेतलाई समावेश गरिएको हो ।

विश्वमा सूचना तथा सञ्चार क्षेत्रमा देखा परेका विकास, विश्वव्यापीकरण तथा स्थानीयकरणलाई विद्यालय तहको शिक्षामा समाहित गरी सामाजिक मूल्य मान्यता, ज्ञानविज्ञानका विविध पक्षहरू एवम् विषयगत ज्ञानयुक्त शिक्षाको आवश्यकतालाई दृष्टिगत गरी यो पाठ्यक्रम तयार पारिएको छ ।

यस पाठ्यक्रममा आधारभूत तहको ढाँचा, विषयको परिचय, शिक्षण विधि र मूल्याङ्कन प्रक्रिया समावेश गरिएको छ ।बालबालिकाहरूमा देखा पर्ने गुणात्मक परिवर्तनको मूल्य निर्धारणका लागि आधारभूत तहमा कक्षा १ देखि ३ सम्म शिक्षणसिकाइमा आधारित प्रयोगात्मक मूल्याङ्कन प्रणालीलाई विशेष महत्त्व दिइएको छ । यसै गरी बालबालिकाहरूमा देखा पर्ने परिमाणात्मक परिवर्तनहरूको लेखाजोखा गर्न उपलब्धि परीक्षाहरू पनि कक्षागत रूपमा सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ । आवश्यकतानुसार विद्यालयहरूले मूल्याङ्कनका विविध साधनहरू प्रयोग गरी बालबालिकाहरूको मूल्याङ्कन गर्नु वाञ्छनीय हुने छ ।

यसमा स्थानीय विषयको शिक्षण सिकाइ कार्यलाई सहयोग पुग्ने दृष्टिकोणले विषयवस्तुको विस्तृतीकरण, सम्भावित शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन र पाठ्यभारसमेतलाई समावेश गरिएको छ । पाठ्यक्रमको ढाँचामा स्थानीय पाठ्यक्रमको व्यवस्था विद्यालयमा गर्नुपर्ने भएकाले अनुसूचीमा सो प्रक्रियाको निर्देशनसमेत समावेश गरिएको छ । पाठ्यक्रमलाई अझ व्यावहारिक, प्रभावकारी र जीवनोपयोगी बनाउन सदाझैं रचनात्मक सुझावको अपेक्षा गरिएको छ ।

पाठ्यक्रम तयार गर्न विज्ञको रूपमा सहयोग गर्नुहुने सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेश पोखराका उपसचिव श्री तोयानाथ लम्साल, पूर्व उपसचिव श्री विष्णु प्रसाद पराजुली, उपसचिव श्री पदमराज आचार्य र पृथ्वी नारायण क्याम्पस पोखराका उपप्राध्यापक श्री शुशिल भट्टराईप्रति कृतज्ञ छौं । साथै प्रकाशन गरी सहयोग गर्नुहुने धौलागिरी अफसेट प्रेस बागलुङलाई हार्दिक आभार ।

**वि.सं. २०७८**

**बरेङ गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा**

# विषयसूची


| क्र.स. | वियवस्तु | पेज |
|---|---|---|
| १. | परिचय | १ |
| २. | विषयक्षेत्र | २ |
| ३. | स्थानीय पाठ्यक्रमको औचित्य | २ |
| ४. | एकीकृत ढाँचाको पाठ्यक्रम विकास | ३ |
| ५. | विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य | ४ |
| ६. | विद्यालय शिक्षाको तहगत संरचना | ५ |
| ७. | विद्यालय शिक्षाको पाठ्यक्रम संरचना | ६ |
| ८. | तहगत सक्षमता | ९ |
| ९. | कक्षागत सिकाइ उपलब्धि | १० |
| १०. | विषयवस्तुको छनोट | १२ |
| ११. | स्थानीय पाठ्यक्रमको पाठ्यघण्टा र वार्षिक कार्यघण्टा तालिका | १२ |
| १२. | क्षेत्र र क्रम | १३ |
| १३. | विषयवस्तुको विस्तृतीकरण | १६ |
| १४. | सिकाइ सहजीकरण विधि तथा प्रक्रिया | ४१ |
| १४. (क) | विद्यार्थी मूल्याङ्कनको तरिका र साधन | ४२ |
| १४. (ख) | विद्यार्थीको उपलब्धिस्तर र यसको सामान्य व्याख्या | ४२ |
| १५. | पाठ्यक्रम कार्यान्वयन प्रक्रिया | ४२ |
| १६. | विद्यार्थी मूल्याङ्कन गर्ने तरिका | ४३ |
| १७. | पाठ्यक्रम मूल्याङ्कन, परिमार्जन र सुधार | ४३ |

# १. परिचय

नेपाल एउटा विविधताले भरिपूर्ण मुलुक हो । भौगोलिक, धार्मिक, सांस्कृतिक एवम् जातीय, भाषिक विविधता नै यस देशका प्रमुख विशेषता हुन् । त्यसैले विद्यालय तहमा केन्द्रबाट तयार गरी वितरित पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई आवश्यक ज्ञान, सिप र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न सक्तैन भन्ने यथार्थता अनुरूप स्थानीय पाठ्यक्रमको अवधारणा आएको हो । यसलाई प्राथमिक शिक्षा पाठ्यक्रम २०६२, २०६५, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३, स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन निर्देशिका २०६४, आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७६ ले समेत पुष्ट्याइँ गरेको पाइन्छ । यसै सन्दर्भमा स्थानीय पाठ्यक्रम प्रारूप, २०७१ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, (मातृभाषासहित) २०७६ समेत प्रकाशन भई कार्यान्वयनमा आइसकेको परिप्रेक्ष्यमा यसको औचित्य प्रमाणित भएको छ । संविधानले समेत माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनमा स्थानीय तहमा अधिकार प्रत्यायोजन गरिसकेकाले स्थानीय तहको अगुवाइमा पनि स्थानीय पाठ्यक्रमको निर्माण गरी कार्यान्वयन गर्नु आजको आवश्यकता समेत हो ।

साधारण अर्थमा स्थानीयस्तरका विषयवस्तुहरू समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने अभिप्रायले तयार गरिएको शैक्षणिक सामग्री स्थानीय पाठ्यक्रम हो । यसले स्थानीय क्षेत्रका प्राथमिकतापूर्ण विषयवस्तुहरूलाई समेटी तिनीहरूलाई विद्यालयको नियमित कार्यक्रम अनुरूप कक्षाकोठामा पुऱ्याउँछ । यसमा विशेष गरी स्थानीय स्तरका प्राकृतिक, सांस्कृतिक, भाषिक एवम् ऐतिहासिक विषयवस्तुका साथै पेसा, व्यवसाय र विपद् व्यवस्थापन आदि विषयहरू समावेश गर्न सकिन्छ । जसलाई स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, (मातृभाषासहित) २०७६ ले निर्दिष्ट गरेको छ । उक्त मार्गदर्शन, २०७६ अनुसार हाम्रो देशमा कक्षा १-८ को पाठ्यक्रम स्थानीय तहबाट निर्माण गर्ने प्रावधान छ र सोही अनुरूप बरेङ गाउँपालिकाले पनि शैक्षिक सत्र २०७८ देखि लागु हुनेगरी कक्षा १-३ को लागि स्थानीय पाठ्यक्रम निर्माण गरेको हो । त्यसैगरी आधारभूत तह कक्षा १-३ मा साप्ताहिक ५ पाठ्यघण्टाका दरले वार्षिक १६० कार्यघण्टाको स्थानीय विषय समावेश गरिएको छ ।

यसै शिलशिलामा बागलुङ जिल्ला बरेङ गाउँपालिका अन्तर्गतका विद्यालयहरूका लागि स्थानीय पाठ्यक्रम निर्माण गर्नको लागि गाउँपालिकाका प्रमुखसहित गाउँ कार्यपालिकाका सदस्यहरू, विद्यालयका प्रधानाध्यापकहरू  तथा शिक्षक शिक्षिकाहरू, स्थानीय बुद्धिजीवी तथा संघसंस्थाहरूसँग छलफल भई कक्षा १ देखि ३ सम्मको स्थानीय विषयका लागि यसै क्षेत्रको

प्राकृतिक, ऐतिहासिक तथा सांस्कृतिक, आर्थिक र सामाजिक मूल्य मान्यता साथै योग व्यायामको बारेमा आधारभूत तहका बालबालिकाहरूलाई परिचित गराउन वाञ्छनीय रहेको निष्कर्ष निकालिएको थियो । त्यसै अनुरूप स्थानीय विषय विज्ञहरू तथा मुख्य सरोकारवालाहरूको चरणबद्ध रूपमा लेखन, छलफल अन्तरक्रियाबाट यो पाठ्यक्रमको निर्माण गरिएको हो । यो पाठ्यक्रम शैक्षिक सत्र २०७८ देखि कक्षा १-३ सम्म लागु हुने छ ।

## २. विषय क्षेत्र

स्थानीय आवश्यकतालाई मध्यनजर गरी आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूलाई आफ्नो सामाजिक तथा वातावरणीय परिवेशबारे ज्ञान सिप प्रदान गर्ने यसको मुख्य अभिप्राय रहेको छ । पाठ्यक्रमले यस क्षेत्रको प्राकृतिक, सामाजिक, ऐतिहासिक सांस्कृतिक तथा आर्थिक पक्षलाई समेटेको छ र यहाँको प्राकृतिक सांस्कृतिक तथा सम्पदाको संरक्षण र संवर्धनलाई महत्त्व दिएको छ । संसारमा सबै प्रकारका विकास र सुधारका कार्यहरू मानवबाट नै सम्भव भएका छन् । मानिसले सर्वप्रथम आफ्नो गाउँ, समुदायको पहिचान गर्नुपर्दछ | त्यहाँ भएका प्राकृतिक, ऐतिहासिक सम्पदाहरू र आर्थिक क्रियाकलापहरूबारे जानकार हुनुपर्दछ । आफ्नो आफ्नो क्षेत्रबाट सुधारको पहल गरेर मात्र व्यापक क्षेत्रमा पुग्न सकिन्छ । आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूले औपचारिक रूपमा आफ्नो गाउँबस्ती, समाज र गाउँपालिकाको वस्तुनिष्ठ ज्ञान प्राप्त गर्ने छन् र यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक र धार्मिक महत्त्वका स्थलहरू, प्राकृतिक सम्पदा तथा यसको संरक्षण एवम् संबर्धन गर्दै सम्भावित स्थानीय प्राकृतिक विपत्तिहरूको बारेमा समेत पहिचान गर्ने छन् साथै स्थानीय स्तरमा खेलिने खेल, योग र ध्यानको पहिचान एवम् अभ्यास गर्ने छन् ।

## ३. स्थानीय पाठ्यक्रमको औचित्य

यस पाठ्यक्रमले बरेङ गाउँपालिकामा प्रचलित पेसा, व्यवसाय र आर्थिक क्रियाकलापको औपचारिक जानकारी प्राप्त गराउने छ । पाठ्यक्रमले वातावरण संरक्षण तथा सुधारका निम्ति सहयोग गर्न प्रेरित गर्दछ । यसबाट बालबालिकाहरूले सामाजिक मूल्यमान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुसरण गर्ने छन् | यस पाठ्यक्रमको कार्यान्वयनले भावी सामाजिक तथा वातावरणीय विकासका धरोहर आजका बालबालिकाहरूलाई स्थानीय परिवेशको सर्वाङ्गीण पक्षको पहिचान गराइ सोको संरक्षण तथा सुधारमा सहयोग र सक्रिय सहभागिता बढाउनका साथै स्वावलम्बनको धारणा समेत प्रदान गर्ने छ । भविष्यमा बरेङ गाउँपालिकाको विकासका निम्ति नयाँ सम्भावनाहरू पहिल्याउने अवसर दिने छ । सामाजिक सहिष्णुता र मेलमिलापको

वातावरण विकास गरी दिगो विकासका लागि सामाजिक ऐक्यबद्धताको सन्देश प्रवाह गर्दै पेसा, व्यवसायको लागि गाउँ छोडेर जाने प्रवृत्तिलाई निरुत्साहित गर्ने छ । स्थानीय परिवेश अनुसारको ज्ञान र सिप अभिमुखीकरण गर्दै स्थानीय विज्ञको सहभागितामा विकास गरिएको यस पाठ्यक्रमको औचित्यलाई निम्न बुँदाहरूले स्पष्ट पार्दछन् ।

क) बरेङ गाउँपालिकाको भौगोलिक, जातीय, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक विविधतालाई सम्बोधन गर्न ।

ख) बरेङ गाउँपालिकामा रहेका परम्परागत ज्ञान, सिप र प्रविधिलाई उजागर गर्न ।

ग) स्थानीय सम्पदा, वातावरण, पर्यटकीय स्थल र जैविक विविधताप्रति अभिमुखीकरण हुँदै स्थानीय स्तरकै पहलमा संरक्षण र उपयोग गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहिचान गराउन ।

घ) स्थानीय स्तरका प्रदूषण र प्रकोप तथा विपद्हरूप्रति जानकारी लिई यिनीहरूको न्यूनीकरण तथा रोकथामका उपाय अवलम्बन गर्न ।

ङ) शैक्षिक संस्था र अन्य संघ संस्थाहरूले गर्ने कामको बारेमा जानकारी लिई सामाजिक भावनाको विकास गर्न,

च) स्थानीय स्तरमा खेलिने खेल, गाइने गीत,वाद्यवादन, योग तथा ध्यानको पहिचान एवम् अभ्यास गर्न ।

## ४. एकीकृत ढाँचाको पाठ्यक्रम विकास

नेपाल सरकारले विगतको अलग अलग विषयहरू आआफ्नै तरिकाले शिक्षण गर्ने गरी निर्माण गरिएको विषयगत पाठ्यक्रमको सट्टा विभिन्न विषयलाई अन्तरसम्बन्धित गर्ने र सिकाइलाई दैनिक जीवनसापेक्ष बनाइ सान्दर्भिक बनाउन आधारभूत तहको तल्लो कक्षामा एकीकृत पाठ्यक्रम लागु गरेको छ । यो पाठ्यक्रमको वैकल्पिक ढाँचा हो र विभिन्न विषयका ज्ञान र सिपलाई कुनै समस्यामा वा विषयक्षेत्रमा केन्द्रित गर्नेदेखि लिएर कुनै मुद्दा वा समस्यामा केन्द्रित भई विषयवस्तुको कुनै सीमा निर्धारण नगरी समस्या समाधानका लागि आवश्यक ज्ञान तथा सिप प्राप्त हुने गरी शिक्षण सिकाइ सञ्चालन गर्ने अपेक्षा गरेको छ । त्यसै अनुसार एकीकृत ढाँचाको पाठ्यक्रम र तदनुकूलको पाठ्यपुस्तक तथा अभ्यास पुस्तिका विकास एवम् सोही अनुसारको शिक्षण सिकाइ हुनुपर्छ । नेपालमा एकीकृत पाठ्यक्रम सम्बन्धमा विगतमा केही अभ्यास भएका पनि छन् । पाठ्यक्रम एकीकृत नभए पनि वि.सं. २०४२/०४३ मा निम्न

माध्यमिक तहको नेपाली र सामाजिक विषयमा अन्तर विषयगत समायोजन गरी र वि.सं. २०५० मा प्राथमिक तहको कक्षा १-३ को मेरो सेरोफेरो विषयका रूपमा पाठ्यपुस्तक विकास तथा कार्यान्वयन गरिएको पाइन्छ । विगतमा एकीकृत सिद्धान्त अवलम्बन नभई सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा, स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण शिक्षा, स्वास्थ्य र शारीरिक शिक्षा, विज्ञान र वातावरण शिक्षा, पेसा, व्यवसाय र प्रविधि शिक्षा जस्ता विषय राखी एउटा पाठ्यपुस्तक विकास भई कार्यान्वयन भएको पाइन्छ । त्यस्तै पाठ्यसामग्रीमा समावेश भएका सिकाइ क्रियाकलापहरू एकीकृत नगरी भिन्नभिन्न सिकाइ उपलब्धिसँग आबद्ध गर्ने गरिएको पाइन्छ । पाठ्यक्रम विकास केन्द्रद्वारा आधारभूत तह (कक्षा १-३) को एकीकृत पाठ्यक्रम कार्यान्वयनको चरणमा छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा बाँडेको छ । आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था हुने छ । विद्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म गरी आठ वर्ष अवधिको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा कायम गरिएको छ । सिकारुको उमेर, सिकाइ क्षमतास्तर तथा बालमनोविज्ञान समेतलाई आधार मानी विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना निम्नबमोजिम निर्धारण गरिएको छ ।

## ५. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुने छन् ।

(क) प्रत्येक व्यक्तिमा अन्तरनिहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने ।

(ख) सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने ।

(ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगार उन्मुख, उत्पादशील, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने ।

(घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने ।

(ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संबर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने ।

(च) प्रत्येक व्यक्तिमा शान्ती, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यता अनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवाद उन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने ।

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने ।

(ज) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने ।

(झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने ।

(ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संबर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने ।

(ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने ।

(ठ) सामाजिक न्यायमा आधारित संमृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने ।

## ६. विद्यालय शिक्षाको तहगत संरचना

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा बाँडेको छ । सिकारुको उमेर, सिकाइ क्षमतास्तर तथा बालमनोविज्ञानलाई समेत आधार मानी विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना निम्न बमोजिम निर्धारण गरिएको छ ।

## तालिका १ : विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना

| विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा | ४ वर्ष | |
| आधारभूत | कक्षा १-३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४ -५ | ८ देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६ -८ | १० देखि १२ वर्षसम्म | तह ३ |
| माध्यमिक | कक्षा ९ -१० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११ — १२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

स्रोतः पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

## ७. विद्यालय शिक्षाको पाठ्यक्रम संरचना

विद्यालय तहको पाठ्यक्रम संरचना निम्नानुसार रहेको छ :

### ७.१ प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना

### तालिका २ : प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना

| क्र.सं. | सिपका क्षेत्रहरू | सिपहरू | वार्षिक समय (घण्टामा) |
|---|---|---|---|
| १. | आधारभूत सिप सिकाइका क्षेत्र | (क) शारीरिक सिप<br>(ख) संवेगात्मक सिप<br>(ग) सामाजिक, सांस्कृतिक र नैतिक सिप<br>(घ) बौद्धिक तथा मानसिक सिप<br>(ङ) स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप<br>(च) सिर्जनात्मक सिप | ३८४ |

| | | | |
|---|---|---|---|
| २. | विषयगत सिप सिकाइका क्षेत्र | (क) भाषिक सिप<br>(ख) पूर्वगणितीय सिप<br>(ग) दृश्यकला, कार्यतरिका र सिर्जनशीलता<br>(घ) वरपरको वातावरण<br>(ङ) सामाजिक सिप | १९२ |
| | | **जम्मा** | **५७६** |

(उपर्युक्त तालिकामा उल्लिखित क्रियाकलाप र समयबाहेक मनोरञ्जन क्रियाकलाप, बाह्य खेल र आराम गर्ने समय गरी कम्तीमा दैनिक १ घण्टाका दरले वर्षभरिमा २५६ घण्टासम्म वार्षिक समय थप हुनसक्ने छ ।) स्रोतः पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

## ७.२ आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना

## तालिका ३ : आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना

| क्र.स. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ५. | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६. | मातृभाषिक सिप स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | **जम्मा** | **२६** | **८३२** |

(पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा (Credit hour) मानिएको छ ।

(स्रोतः पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।)

स्थानीय विषय अन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् । सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषयक्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्ने छ

। स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउनु पर्ने छ ।

## ७.३ आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना

### तालिका ४ आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना

| क्र.स. | विषय | पाठ्य घण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| | **जम्मा** | **३२** | **१०२४** |

**स्रोतः पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।**

स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् । स्थानीय विषयको पाठ्यक्रम र पाठयसामग्री विद्यालयले स्थानीय तहको सहयोग र समन्वयमा स्थानीय विज्ञ तथा अभिभावकको संलग्नतामा विकास गरी कार्यान्वयनमा ल्याउने छ ।

## ७.४ आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना

### तालिका ५ : आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना (साधारण)

| क्र.स. | विषय | पाठ्य घण्टा | बार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य तथा शारीरिक (सिर्जनात्मक कलासहित) | ३ | ९६ |
| ७. | मातृभाषा/स्थानीय विषय वा संस्कृत भाषा | ४ | १२८ |
| | **जम्मा** | **३२** | **१०२४** |

स्रोतः पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

## ८. तहगत सक्षमता

### कक्षा १-३

१. बरेङ गाउँपालिकाको परिचय र स्थानीय स्तरमा पाइने जैविक विविधता, ऐतिहासिक स्थलहरू र पर्यटकीय क्षेत्रको पहिचान तथा सम्बर्धन,

२. स्थानीय क्षेत्रमा हुने प्राकृतिक एवम् मानवजन्य विपत्तिबाट सचेत रही हरित विद्यालय निर्माण,

३. गाउँपालिका अन्तर्गतका प्रचलित चाडपर्व, धर्म, संस्कृतिको पहिचान तथा असल सामाजिक मूल्य मान्यताहरूको अनुसरण,

४. स्थानीय पेसा, व्यवसाय र आर्थिक क्रियाकलापहरूको पहिचान,

५. स्थानीय गीत सङ्गीत एवम् योग, व्यायाम र खेलकुद सम्बन्धी अभ्यास,

# ९. कक्षागत सिकाइ उपलब्धि

| कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|
| **क। हाम्रो गाउँपालिका** | **क। हाम्रो गाउँपालिका** | **क। हाम्रो गाउँपालिका** |
| १. गाउँपालिकाको नाम र ठेगाना बताउन,<br>२. आफू बस्ने वडाको सिमानामा रहेको वडाको नाम बताउन,<br>३. गाउँपालिकाको जनसङ्ख्या भन्न,<br>४. आफ्नो वडामा रहेका शैक्षिक संस्थाहरूको नाम बताउन, | १. गाउँपालिका रहेका वडाको सङ्ख्या, बताउन,<br>२. वडागत जनसङ्ख्या र जातजातिको सङ्ख्या बताउन<br>३. शैक्षिक संस्थाहरूले गर्ने काम बताउन, | १. गाउँपालिकाको क्षेत्रफल बताउन,<br>२. चार दिशाको सिमानामा रहेका गाउँपालिका/नगरपालिकाको नाम बताउन,<br>३. शैक्षिक संस्थाहरू र आफ्नो वडामा रहेका संस्थाहरूले गर्ने काम बताउन, |
| **ख। प्राकृतिक स्रोत र सम्पदा** | **ख। प्राकृतिक स्रोत र सम्पदा** | **ख। प्राकृतिक स्रोत र सम्पदा** |
| ५. जडिबुटीको नाम बताउन,<br>६. घरपालुवा जनावरको नाम बताउन,<br>७. आफूले गरेको फोहोरमैला व्यवस्थापन गर्न,<br>८. वन्यजन्तु र पंक्षीहरूको नाम बताउन, | ४. जडिबुटीको प्रयोगबाट हुने फाइदा बताउन,<br>५. घरपालुवा जनावरको नाम बताउन,<br>६. घरआँगन र वरिपरिको वातावरणको सरसफाइ गर्न,<br>७. वन्यजन्तु र पंक्षीहरूबाट हुने फाइदा बताउन,<br>८. नदिनाला, झरना, धुरी र लेकको नाम बताउन, | ४. वनस्पति र जडिबुटीले मानव स्वास्थ्यमा पुऱ्याउने फाइदा बताउन,<br>५. घरपालुवा जनावरको फाइदा बताउन,<br>६. फोहोरमैलाको वर्गीकरण (कुहिने र नकुहिने) गर्न,<br>७. वातावरण प्रदूषण न्युनीकरण गर्न अपनाउने उपायहरू अबलम्बन गर्न,<br>८. वन्यजन्तु तथा पंक्षीको नाम र फाइदा बताउन,<br>९. नदिनाला, धुरी, लेक र झरनाबाट मानिसले लिन सक्ने फाइदा बताउन, |
| **ग। धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा स्थानीय गीत सङ्गीत** | **ग। धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा स्थानीय गीत सङ्गीत** | **ग। धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा स्थानीय गीत सङ्गीत** |
| ९. धार्मिक सम्पदाको नाम बताउन,<br>१०. स्थानीय स्तरमा मनाउने चाडपर्वको नाम बताउन,<br>११. ऐतिहासिक सम्पदाको नाम बताउन,<br>१२. स्थानीय गीत सङ्गीत गाउन,<br>१३. वाद्यवादनको नाम बताउन, | ९. धार्मिक र ऐतिहासिक स्थलहरूमा गरिने काम बताउन,<br>१०. स्थानीय लोकभाकामा आधारित गीत गाउन,<br>११. स्थानीय वाद्यवादनको प्रयोग बताउन, | १०. धार्मिक स्थल तथा ऐतिहासिक स्थलहरूको संरक्षण गर्ने उपायहरू बताउन,<br>११. स्थानीय लोकभाकामा आधारित गीत गाउन,<br>१२. स्थानीय वाद्यवादनको अभ्यास गर्न, |

| | | |
|---|---|---|
| **घ) प्रकोप तथा विपद् व्यवस्थापन र हरित विद्यालय** | **घ) प्रकोप तथा विपद् व्यवस्थापन र हरित विद्यालय** | **घ) प्रकोप तथा विपद् व्यवस्थापन र हरित विद्यालय** |
| १४.विभिन्न प्रकोप र विपद्हरूको नाम बताउन,<br>१५.हरित विद्यालय निर्माण गर्दा गर्नुपर्ने कामहरू बताउन, | १२. विभिन्न प्रकोप र विपद्हरूबाट सुरक्षित रहन,<br>१३. हरित विद्यालयको संरक्षण गर्दा अपनाउने उपायहरू बताउन, | १३.प्राकृतिक तथा मानवीय कारणबाट हुने विपद्हरूबाट सतर्क रहन,<br>१४.सवारी दुर्घटनाबाट सतर्क रहन,<br>१५. विद्यालयको वातावरण सफा एवम् हरियाली बनाउन, |
| **ङ) सामाजिक मूल्य मान्यता र सकारात्मक व्यवहार** | **ङ) सामाजिक मूल्य मान्यता र सकारात्मक व्यवहार** | **ङ) सामाजिक मूल्य मान्यता र सकारात्मक व्यवहार** |
| १६.घर परिवार र गुरुहरूप्रति आदर सत्कार र शिष्टाचार गर्न,<br>१७.सन्तुलित भोजनको प्रयोग गर्न,<br>१८.जन्म संस्कारको बारेमा बताउन,<br>१९.सकारात्मक व्यवहारको अवलम्बन गर्न, | १४. घर परिवार र गुरुहरूप्रति आदर सत्कार र शिष्टाचार गर्न,<br>१५. ब्रतबन्ध संस्कारको बारेमा बताउन,<br>१६. मान्यजनहरूप्रति सकारात्मक व्यवहारको अवलम्बन गर्न, | १६.छरछिमेक, समाजसेवी र मान्यजनहरूप्रति आदर, सत्कार र शिष्टाचार गर्न,<br>१७. सकारात्मक जीवनशैलीको अवलम्बन,<br>१८.विवाह संस्कार तथा चौरासी पूजाको बारेमा बताउन,<br>१९.आफूभन्दा सानालाई माया र साथी भाइलाई सहयोग गर्न , |
| **च) स्थानीय पेसा व्यवसाय र आर्थिक क्रियाकलाप** | **च) स्थानीय पेसा व्यवसाय र आर्थिक क्रियाकलाप** | **च) स्थानीय पेसा व्यवसाय र आर्थिक क्रियाकलाप** |
| २०.बालीनालीको नाम बताउन,<br>२१.तरकारी र फलफूलको नाम बताउन,<br>२२. घरपालुवा जनावर र पंक्षीको नाम बताउन,<br>२३.बाँस र काठबाट बन्ने सामानको नाम बताउन,<br>२४.व्यापार र पर्यटकीय क्षेत्रको नाम बताउन,<br>**छ) खेलकुद, शारीरिक सुस्वास्थ्य र सरसफाइ**<br>२५.स्थानीय खेलहरूको नाम बताउन र खेल खेल्न, | १७. बालीनाली, फलफूल र तरकारीको फाइदा बताउन,<br>१८. घरपालुवा जनावर र पंक्षीको संरक्षण गर्ने तरिकाको सूची बनाउन,<br>१९. बाँस र काठबाट बन्ने सामानको नाम र फाइदा बताउन,<br>२०. व्यापार र पर्यटकीय क्षेत्रबाट हुने फाइदा बताउन,<br>**छ) खेलकुद, शारीरिक सुस्वास्थ्य र सरसफाइ**<br>२१. स्थानीय खेलहरूको नाम बताउन र खेल खेल्न, | २०.खाद्यान्न, तरकारी तथा फलफूलको फाइदा बताउन,<br>२१.पशुपंक्षी पालनबाट मानव जीवनमा हुने फाइदा बताउन,<br>२२.दुग्ध र निगालो तथा बाँस उद्योगको फाइदा बताउन,<br>२३.व्यापार र पर्यटकीय स्थलहरूले गर्ने काम बताउन,<br>**छ) खेलकुद, शारीरिक सुस्वास्थ्य र सरसफाइ**<br>२४.स्थानीय खेलहरूको नाम बताउन र खेल खेल्न, |

| | | |
|---|---|---|
| २६.योग र ध्यानको प्रारम्भिक अभ्यास गर्ने,<br>२७.व्यक्तिगत सरसफाइ गर्ने, | २२.योग र ध्यानको प्रारम्भिक अभ्यास गर्ने,<br>२३.व्यक्तिगत र विद्यालयको सरसफाइ गर्ने, | २५.योग र ध्यानको प्रारम्भिक अभ्यास गर्ने,<br>२६.व्यक्तिगत, विद्यालय र घरको सरसफाइ गर्ने, |

## १०. विषयवस्तुको छनोट

१. बरेङ गाउँपालिकाको भौगोलिक अवस्था, जनसङ्ख्या, जातजाति, शैक्षिक संस्था र अन्य संस्थाहरू,
२. वनस्पति, जडिबुटी, जैविक विविधता, वातावरण प्रदूषण तथा फोहोरमैला व्यवस्थापन, पंक्षी, नदिनाला तथा झरना, धुरी तथा लेक,
३. धार्मिक तथा सांस्कृतिक सम्पदा, ऐतिहासिक सम्पदा, स्थानीय गीत सङ्गीत र वाद्यवादन,
४. प्रकोप तथा विपद् र हरित विद्यालय,
५. आदर सत्कार, शिष्टाचार, सकारात्मक जीवनशैली, संस्कार र सकारात्मक व्यवहार,
६. कृषि, घरेलु तथा साना उद्योग, व्यापार र पर्यटन,
७. स्थानीय खेलहरू, योग, ध्यान र व्यक्तिगत सरसफाइ,

## ११. स्थानीय पाठ्यक्रमको पाठ्यघण्टा र वार्षिक कार्यघण्टा तालिका

| क्र. सं. | विषय क्षेत्र | कक्षा १-३ | |
|---|---|---|---|
| | | वार्षिक कार्यघण्टा | पाठ्यघण्टा |
| १. | हाम्रो गाउँपालिका | २० | |
| २. | प्राकृतिक स्रोत र सम्पदा | २५ | |
| ३. | धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा स्थानीय गीत सङ्गीत | २५ | |
| ४. | प्रकोप तथा विपद् व्यवस्थापन र हरित विद्यालय | २० | |
| ५. | सामाजिक मूल्य मान्यता र सकारात्मक व्यवहार | २० | |
| ६. | स्थानीय पेसा व्यवसाय र आर्थिक क्रियाकलाप | ३० | |
| ७. | खेलकुद, शारीरिक सुस्वास्थ्य र सरसफाइ | २० | |
| | **जम्मा** | **१६०** | **५** |

# १२. क्षेत्र र क्रम

| क्र.स. | विषयक्षेत्र | विषयवस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|---|
| १. | हाम्रो गाउँपालिका | गाउँपालिकाको परिचय | गाउँपालिकाको नाम र ठेगाना | गाउँपालिकामा रहेका वडाहरूको सङ्ख्या | गाउँपालिकाको क्षेत्रफल |
| | | भौगोलिक अवस्था तथा जनसङ्ख्या, जातजाति | वडाको सिमाना रहेको वडाको नाम, गाउँपालिकाको जनसङ्ख्या र जातजातिको परिचय | गाउँपालिकाको वडागत जनसङ्ख्या, जातजातिको सङ्ख्या | चार दिशाको सिमानामा रहेका गाउँपालिका/नगरपालिकाको नाम |
| | | शैक्षिक संस्था एवम् अन्य संस्थाहरू | आफ्नो वडामा रहेका शैक्षिक संस्थाहरूको नाम | शैक्षिक संस्थाले गर्ने काम | शैक्षिक संस्थाहरू र आफ्नो वडामा रहेका संस्थाहरूले गर्ने काम |
| २. | प्राकृतिक स्रोत र सम्पदा | वनस्पति र जडीबुटी | जडिबुटीको नाम | जडीबुटीको प्रयोगबाट हुने फाइदा | वनस्पति र जडीबुटीले मानव स्वास्थ्यमा पु-याउने फाइदा |
| | | जैविक विविधता | घरपालुवा जनावरको नाम | घरपालुवा जनावरको नाम | घरपालुवा जनावरको फाइदा |
| | | वातावरण प्रदूषण तथा फोहोरमैला व्यवस्थापन | आफूले गरेको फोहोरमैला व्यवस्थापन | घर आँगन, वरिपरिको वातावरणको सरसफाइ | फोहोरमैलाको वर्गीकरण (कुहिने र नकुहिने), वातावरण प्रदूषण न्युनीकरण गर्न अपनाउने उपायहरू |

| | | | | | |
|---|---|---|---|---|---|
| | | वन्यजन्तु र पंक्षीहरू | वन्यजन्तु र पंक्षीहरूको नाम | वन्यजन्तु र पंक्षीहरूबाट हुने फाइदा | वन्यजन्तु र पंक्षीको नाम र फाइदा |
| | | नदिनाला तथा झरनाहरू | | नदिनाला र झरनाको नाम | नदिनाला र झरनाबाट मानिसले लिने फाइदाहरू |
| | | धुरी तथा लेकहरू | | धुरी र लेकको नाम | धुरी र लेकबाट मानिसले लिने फाइदाहरू |
| ३. | धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा स्थानीय गीत सङ्गीत | धार्मिक तथा सांस्कृतिक सम्पदा | धार्मिक स्थलहरूको नाम : चाडपर्वहरूको नाम | धार्मिक स्थलहरूमा गरिने काम | धार्मिक स्थलहरूको संरक्षण गर्ने उपायहरू |
| | | ऐतिहासिक सम्पदा | ऐतिहासिक स्थलहरूको नाम : | ऐतिहासिक स्थलहरूमा गरिने काम | ऐतिहासिक स्थलहरूको संरक्षण गर्ने उपायहरू |
| | | स्थानीय गीत सङ्गीत | लोक भाकामा आधारित स्थानीय गीत | स्थानीय लोक भाकामा अधारित गीत | स्थानीय लोक भाकामा अधारित गीत |
| | | वाद्यवादनहरू | स्थानीय वाद्यवादनहरूका नाम : | स्थानीय वाद्यवादनको प्रयोग | स्थानीय वाद्यवादनहरूको अभ्यास |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | प्रकोप तथा विपद् व्यवस्थापन र हरित विद्यालय | प्रकोप तथा विपद् | विभिन्न प्रकोप र विपद्हरूको नाम | स्थानीय क्षेत्रमा हुन सक्ने प्रकोप तथा विपद्हरूबाट सुरक्षा | प्राकृतिक तथा मानवीय कारणबाट हुने विपद्हरू र सवारी दुर्घटनाबाट सतर्क |
| | | हरित विद्यालय | हरित विद्यालय निर्माण गर्दा गर्नुपर्ने काम | हरित विद्यालयको संरक्षण | विद्यालयको वातावरण |
| ५. | सामाजिक मूल्य मान्यता र सकारात्मक व्यवहार | आदर सत्कार र शिष्टाचार | घर परिवार र गुरुहरूप्रति आदर, सत्कार र शिष्टाचार | घरपरिवार र गुरूहरू प्रति गर्ने आदर सत्कार र शिष्टाचार | छरछिमेक, समाजसेवी र मान्यजनहरूप्रति गर्ने आदर सत्कार र शिष्टाचार |
| | | सकारात्मक जीवनशैली | सन्तुलित भोजनको प्रयोग | | आफूभन्दा सानालाई माया र साथी भाइलाई सहयोग, |
| | | संस्कार | जन्म संस्कार | ब्रतबन्ध संस्कार | विवाह संस्कार तथा चौरासी पूजा संस्कार |
| | | सकारात्मक व्यवहार | सकारात्मक व्यवहारको अवलम्बन | मान्यजनहरूप्रति गरिने सकारात्मक व्यवहार | सकारात्मक व्यवहार गर्दाका फाइदाहरू |
| ६. | स्थानीय पेसा व्यवसाय र आर्थिक क्रियाकलाप | (१) कृषि | क) बालीनालीको नाम<br>ख) तरकारी र फलफूलको नाम<br>ग) घरपालुवा जनावर र पंक्षीको नाम | (क) बालीनाली, फलफूल र तरकारीको फाइदा<br>(ख) घरपालुवा जनावर र पंक्षीको संरक्षण गर्ने तरिका | (क) खाद्यान्न, तरकारी तथा फलफूलको फाइदा<br>(ख) पशुपंक्षी पालनबाट मानव जीवनमा हुने फाइदा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (२) घरेलु तथा साना उद्योग | (क) बाँस र काठबाट बन्ने सामानको नाम | (क) बाँस र काठबाट बन्ने सामानको नाम र फाइदा | (क) दुग्ध उद्योगको फाइदा<br>(ख) निगालो तथा बाँस उद्योगको फाइदा |
| | | (३) व्यापार | व्यापारिक क्षेत्रको नाम | व्यापारबाट हुने फाइदा | व्यापारिक स्थलले गर्ने काम |
| | | (३) पर्यटन | पर्यटकीय क्षेत्रको नाम | पर्यटकीय क्षेत्रबाट हुने फाइदा | पर्यटकीय स्थलले गर्ने काम |
| ७. | खेलकुद, शारीरिक सुस्वास्थ्य र सरसफाइ | स्थानीय खेलहरू | स्थानीय खेलहरूको नाम | स्थानीय खेलहरूको अभ्यास | स्थानीय खेलहरूको अभ्यास |
| | | योग र ध्यान | योग र ध्यानको प्रारम्भिक अभ्यास | योग र ध्यानको प्रारम्भिक अभ्यास | योग र ध्यानको प्रारम्भिक अभ्यास |
| | | व्यक्तिगत सरसफाइ | व्यक्तिगत सरसफाइको अभ्यास | व्यक्तिगत र विद्यालयको सरसफाइको अभ्यास | व्यक्तिगत, विद्यालय र घरको सरसफाइको अभ्यास |

## १३. विषयवस्तुको विस्तृतीकरण

यस खण्डमा कक्षागत रूपमा बालबालिकाहरूले हासिल गर्ने सिकाइ उपलब्धि, अध्ययन गर्ने विषयवस्तु, सम्भाव्य शिक्षण सिकाइ प्रक्रिया ( क्रियाकलाप, शिक्षण सामग्री र मूल्याङकन) लाई प्रस्तुत गरिएको छ । पाठ्यवस्तुको विस्तृतीकरण तलको तालिकामा प्रस्तुत गरिएको छः

कक्षा १

| क्र.स. | क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | सिकाइ सामग्री | मूल्याङ्कन | का.घ. |
|---|---|---|---|---|---|---|---|---|
| १. | हाम्रो गाउँपालिका | गाउँपालिकाको नाम र ठेगाना बताउन, आफू बस्ने वडाको सिमानामा रहेको वडाको नाम बताउन, गाउँपालिकाको जनसङ्ख्या बताउन, शैक्षिक संस्थाहरूको नाम बताउन, | गाउँपालिकाको नाम र ठेगाना, आफू बस्ने वडाको सिमानामा रहेको वडाको नाम, गाउँपालिकाको जनसङ्ख्या, शैक्षिक संस्थाहरूको नाम, | गाउँपालिकाको नाम, ठेगाना, आफू बस्ने वडाको सिमाना, जनसङ्ख्या, शैक्षिक संस्थाको नाम | बरेङ गाउँपालिकाको वडा र सिमाना सहितको नक्सा देखाइ गाउँपालिकाको नाम, ठेगाना र सिमाना बताउने गाउँपालिकाको कूल जनसङ्ख्या अङ्क र अक्षरमा बताउने । आफ्नो वडाभित्र रहेका शैक्षिक संस्थाको नाम बताउने । | गाउँपालिकाको नक्सा, शैक्षिक संस्थाको चित्रहरू | गाउँपालिकाको नाम, ठेगाना, सिमाना, जनसङ्ख्या, आफ्नो वडामा रहेका शैक्षिक संस्थाहरूको नाम सोध्ने । शैक्षिक संस्थाको चित्र देखाइ नाम भन्न लगाउने । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २. | प्राकृतिक स्रोत र सम्पदा | जडिबुटीको नाम बताउन, घरपालुवा जनावरको नाम बताउन, आफूले गरेको फोहोरमैला व्यवस्थापन गर्न, वन्यजन्तु र पंक्षीहरूको नाम बताउन, | जडिबुटीको नाम, घरपालुवा जनावरको नाम, आफूले गरेको फोहोरमैला व्यवस्थापन, वन्यजन्तु र पंक्षीहरूको नाम, | बरेङ गाउँपालिकामा पाइने जडिबुटीको नाम, घरपालुवा जनावरहरूको नाम, आफूले विद्यालयमा गरेको फोहोरमैलाको व्यवस्थापन, वन्यजन्तु र पंक्षीको नाम । | जडिबुटीहरू देखाउने र नाम बताउने, घरपालुवा जनावरको चित्र बनाइ नाम बताउने, विद्यालयमा हुने फोहोरमैलालाई निश्चित ठाउँमा राख्न सिकाउने, वन्यजन्तु र पंक्षीको चित्रसहित नाम बताउने । | जडिबुटीहरू, चित्र, फोहोर राख्ने बाल्टी । | जडिबुटी देखाइ नाम भन्न लगाउने, घरपालुवा जनावरको चित्र बनाइ नाम सोध्ने, फोहोरमैला कहाँ राख्नुपर्छ सोध्ने र राख्न लगाउने, वन्यजन्तु र पंक्षीको चित्र बनाइ नाम सोध्ने | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. | धार्मिक, सांस्कृतिक ऐतिहासिक तथा स्थानीय गीत सङ्गीत | धार्मिक सम्पदाको नाम बताउन, स्थानीय स्तरमा मनाउने चाडपर्वको नाम बताउन, ऐतिहासिक सम्पदाको नाम बताउन, स्थानीय गीत सङ्गीत गाउन, वाद्यवादनको नाम बताउन, | धार्मिक सम्पदाको नाम, स्थानीय स्तरमा मनाउने चाडपर्वको नाम, ऐतिहासिक सम्पदाको नाम, स्थानीय गीत सङ्गीत, वाद्यवादन, | आफ्नो वडामा रहेका धार्मिक सम्पदाको नाम, स्थानीय स्तरमा मनाउने चाडपर्वको नाम, आफ्नो वडामा रहेका ऐतिहासिक सम्पदाको नाम, स्थानीय गीत सङ्गीत, वाद्यवादन, | आफ्नो वडामा रहेका धार्मिक सम्पदाहरूको नाम भन्न लगाउने, स्थानीय स्तरमा मनाउने चाडपर्वको नाम भन्न लगाउने, आफ्नो वडामा रहेका ऐताहासिक सम्पदाहरूको नाम भन्न लगाउने, नजिकमा रहेका सम्पदाहरूमा भ्रमण गराउने, स्थानीय गीत गाउन लगाउने, वाद्यवादनको प्रयोग गर्ने | धार्मिक सम्पदा, चाडपर्व तथा ऐतिहासिक सम्पदाको चित्र, स्थानीय गीत सङ्गीतको भिडियो र वाद्यवादन | आफ्नो वडामा रहेका धार्मिक सम्पदाको नाम भन्न लगाउने, स्थानीय स्तरमा मनाउने चाडपर्वको नाम भन्न लगाउने र आफ्नो वडामा रहेका ऐतिहासिक सम्पदाहरूको चित्र देखाइ नाम भन्न लगाउने, नजिकमा रहेका सम्पदाहरूमा भ्रमण गराइ नाम सोध्ने, स्थानीय गीत गाउन लगाउने, वाद्यवादनको नाम भन्न लगाउने, | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४. | प्रकोप तथा विपद् व्यवस्थापन र हरित विद्यालय | विभिन्न प्रकोप र विपद्हरूको नाम बताउन, हरित विद्यालय निर्माण गर्दा गर्नुपर्ने कामहरू बताउन, | विभिन्न प्रकोप र विपद्हरूको नाम, हरित विद्यालय निर्माण गर्दा गर्नुपर्ने कामहरू | स्थानीय क्षेत्रमा हुन सक्ने प्रकोप तथा विपद्हरू (बाढी, पहिरो, आगालागी, भू-कम्प र चट्याङ) को नाम, हरित विद्यालयको निर्माण गर्दा गर्नुपर्ने कामहरू जस्तैः वृक्षरोपण गर्ने, संरक्षण गर्ने, मलजल गर्ने, तारवार गर्ने | प्राकृतिक तथा मानवीय कारणबाट हुने विपद्हरू (बाढी, पहिरो, आगालागी, भू-कम्प र चट्याङ) को नाम बताउने, हरित विद्यालय निर्माण गर्दा गर्नुपर्ने कामहरू प्रत्यक्ष देखाउने, हरित विद्यालयको चित्रमा रङ भर्न लगाउने, | चित्र, भिडियो, हरित विद्यालय | स्थानीय क्षेत्रमा हुन सक्ने प्रकोप तथा विपद्हरू (बाढी, पहिरो, आगालागी, भू-कम्प र चट्याङ) को नाम बताउन लगाउने, हरित विद्यालयको चित्रमा रङ भर्न लगाउने, हरित विद्यालय निर्माण गर्दा गर्नुपर्ने कामहरू सोध्ने, | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५. | सामाजिक मूल्य मान्यता र सकारात्मक व्यवहार | घर परिवार र गुरुहरूप्रति आदर सत्कार र शिष्टाचार गर्न, सन्तुलित भोजनको प्रयोग गर्न, जन्म संस्कारको बारेमा बताउन, सकारात्मक व्यवहारको अवलम्बन गर्न, | आदर सत्कार र शिष्टाचार, सन्तुलित भोजन, जन्म संस्कार, सकारात्मक व्यवहारको अवलम्बन | घर परिवारका मान्यजनहरू र गुरुहरूप्रति गरिने नमस्कार, अर्गानिक खानाको प्रयोग, न्वारन विधि, मान्यजन, साथी र गुरुप्रति गरिने सकारात्मक व्यवहारको अवलम्बन | मान्यजन, साथी र गुरुलाई नमस्कार तथा सम्मान गर्न लगाउने, अर्गानिक खानाको प्रयोग गर्न लगाउने, न्वारन विधिको बारेमा जानकार गराउने, मान्यजन, साथी र गुरुप्रति सकारात्मक व्यवहार गर्न लगाउने, | चित्र, भिडियो, अर्गानिक खाना | मान्यजन, साथी र गुरुलाई नमस्कार तथा सम्मान गर्न लगाउने, अर्गानिक खानाको प्रयोग गर्न लगाउने, न्वारन विधिको बारेमा सोध्ने, मान्यजन, साथी र गुरुप्रति सकारात्मक व्यवहार गर्न लगाउने, | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६. | स्थानीय आर्थिक क्रियाकलाप | बालीनालीको नाम, तरकारी र फलफूलको नाम बताउन, घरपालुवा जनावर र पंक्षीको नाम बताउन, बाँस र काठबाट बन्ने सामानको नाम बताउन, व्यापार र पर्यटकीय क्षेत्रको नाम बताउन, | कृषि, घरेलु उद्योग, व्यापार र पर्यटन | गाउँघरमा उत्पादन हुने खेतीबालीहरू , तरकारीहरू, जडिबुटी, घरपालुवा जनावर र पंक्षी, बाँस र काठबाट बन्ने सामान, व्यापारिक क्षेत्रहरू र पर्यटकीय स्थलहरू | गाउँघरमा उत्पादन हुने खेतीबालीहरू , तरकारीहरू, जडिबुटीहरू प्रत्यक्ष देखाइ नाम बताउने, घरपालुवा जनावर र पंक्षीको नाम चिनाउने, बाँस र काठबाट बन्ने सामानहरू देखाइ नाम बताउने, व्यापारिक क्षेत्रहरू र पर्यटकीय स्थलहरूको नाम भन्न लगाउने र नजिकको स्थलमा भ्रमण गराउने | बालीनाली, तरकारी, जडिबुटी, जनावर र पंक्षीको चित्र, बाँस र काठबाट बनेका सामग्रीहरू व्यापारिक र पर्यटकीय क्षेत्रको चित्र | गाउँघरमा उत्पादन हुने खेतीबालीहरू, तरकारीहरू, जडिबुटीहरू प्रत्यक्ष देखाउने र नाम बताउन लगाउने, घरपालुवा जनावर र पंक्षीको नाम सोध्ने, बाँस र काठबाट बन्ने सामानहरू देखाइ नाम बताउन लगाउने, व्यापारिक क्षेत्रहरू र पर्यटकीय स्थलहरूको चित्र देखाइ नाम भन्न लगाउने, | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७. | खेलकुद, शारीरिक सुस्वास्थ्य र सरसफाइ | स्थानीय खेलहरूको नाम बताउन र खेल खेल्न, योग र ध्यानको प्रारम्भिक अभ्यास गर्न, व्यक्तिगत सरसफाइ गर्न, | स्थानीय खेलहरू , योग र ध्यान, व्यक्तिगत सरसफाइ | स्थानीय स्तरमा खेलिने खेलहरू, ठिक बसाइ सम्बन्धी जानकारी, मेरुदण्ड सोझो गरी बसाइ, पञ्च तालीको अभ्यास, दाँत माझ्ने, नङ काट्ने, कपाल कोर्ने, साबुन पानीले हातमुख धुने | स्थानीय स्तरमा खेलिने खेलहरू खेलाउने र समूहमा खेल्न लगाउने, ठिक तरिकाले बसाइ गर्न लगाउने, मेरुदण्ड सोझो गरी बस्न लगाउने, पञ्च तालीको अभ्यास गराउने, दाँत माझ्ने, नङ काट्ने, कपाल कोर्ने, साबुन पानीले हातमुख धुने इत्यादि व्यक्तिगत सरसफाइ गराउने । | खेल सामग्री, व्यक्तिगत सरसफाइका सामग्रीहरू , भिडियोहरू | स्थानीय स्तरमा खेलिने खेलहरू समूहमा खेल्न लगाउने, ठिक तरिकाले बसाइ गर्न लगाउने, मेरुदण्ड सोझो गरी बस्न लगाउने, पञ्च ताली बजाउन लगाउने, दाँत माझ्न, नङ काट्न, कपाल कोर्न, साबुन पानीले हातमुख धुन लगाउने, | |

## कक्षा २

| क्र.स | क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | सिकाइ सामग्री | मूल्याङ्कन प्रक्रिया | का घ. |
|---|---|---|---|---|---|---|---|---|
| १. | हाम्रो गाउँपालिका | गाउँपालिकामा रहेका वडाको सङ्ख्या, बताउन, वडागत जनसङ्ख्या र जातजातिको सङ्ख्या बताउन, शैक्षिक संस्थाहरूले गर्ने काम बताउन, | गाउँपालिकामा रहेका वडाहरू, वडागत जनसङ्ख्या वडागत जातजातिको सङ्ख्या शैक्षिक संस्थाले गर्ने काम, | गाउँपालिकामा रहेका वडाहरू, वडागत जनसङ्ख्या र वडागत जातजातिको सङ्ख्या, शैक्षिक संस्थाका कार्यहरू, | बरेङ गाउँपालिकाको वडा र सिमाना सहितको नक्सा देखाइ गाउँपालिकामा रहेका वडाहरू, वडागत जनसङ्ख्या, वडागत जातजातिको सङ्ख्या बताउने गाउँपालिकाभित्र रहेका शैक्षिक संस्थाहरूले गर्ने कामहरू बताउने र नजिकको शैक्षिक संस्थामा भ्रमण गराउने, | गाउँपालिकाको नक्सा, शैक्षिक संस्थाको चित्र | बरेङ गाउँपालिकाको वडा र सिमाना सहितको नक्सा देखाइ गाउँपालिकामा रहेका वडाहरू , वडागत जनसङ्ख्या, वडागत जातजाति सङ्ख्या बताउन र लेख्न लगाउने। गाउँपालिकाको नक्सा दिई नक्सामा विद्यार्थी बस्ने वडामा रङ भर्न लगाउने, गाउँपालिकाभित्र रहेका शैक्षिक संस्थाहरूले गर्ने काम सोध्ने, | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २. | प्राकृतिक स्रोत र सम्पदा | जडिबुटीको प्रयोगबाट हुने फाइदा बताउन, घरपालुवा जनावरको नाम बताउन, घरआँगन र वरिपरिको वातावरणको सरसफाइ गर्न, वन्यजन्तु र पंक्षीहरूबाट हुने फाइदा बताउन, नदिनाला, झरना, धुरी र लेकको नाम बताउन, | जडिबुटीको प्रयोगबाट हुने फाइदा, घरपालुवा जनावरको नाम, घरआँगन र वरिपरिको वातावरणको सरसफाइ, वन्यजन्तु र पंक्षीहरूबाट हुने फाइदा, नदिनाला, झरना, धुरी र लेकको नाम, | जडिबुटीको प्रयोगबाट मानव जीवनमा हुने फाइदा, घरपालुवा जनावरहरूको नाम, व्यक्तिगत, घरआँगन, विद्यालय र वरिपरिको वातावरणको सरसफाइ, वन्यजन्तु र पंक्षीको नाम, नदिनाला, झरना, धुरी र लेकको नाम । | जडिबुटीको प्रयोगबाट मानव जीवनमा हुने फाइदाहरू बताउने, घरपालुवा जनावरहरू प्रत्यक्ष वा चित्रमा देखाउने र नाम बताउने, व्यक्तिगत, घरआँगन, विद्यालय र वरिपरिको वातावरणको सरसफाइ गर्न लगाउने, वन्यजन्तु र पंक्षी, नदिनाला, झरना, धुरी र लेक प्रत्यक्ष वा चित्रमा देखाउने र नाम बताउने, | जडिबुटीहरू, चित्र, सरसफाइका सामग्रीहरू, भिडियोहरू । | जडिबुटीको प्रयोगबाट मानव जीवनमा हुने फाइदाहरू सोध्ने, घरपालुवा जनावरहरू प्रत्यक्ष वा चित्रमा देखाइ नाम बताउन र लेख्न लगाउने, व्यक्तिगत, घरआँगन, विद्यालय र वरिपरिको वातावरणको सरसफाइ गर्न लगाउने, वन्यजन्तु र पंक्षी, नदिनाला, झरना, धुरी र लेक प्रत्यक्ष वा चित्रमा देखाइ नाम भन्न वा चित्र बनाउन लगाउने । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. | धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा स्थानीय गीत सङ्गीत | धार्मिक र ऐतिहासिक स्थलहरूमा गरिने काम बताउन, स्थानीय लोकभाकामा आधारित गीत गाउन, स्थानीय वाद्यवादनको प्रयोग बताउन, | धार्मिक र ऐतिहासिक स्थलहरूमा गरिने काम, स्थानीय लोकभाकामा आधारित गीत, स्थानीय वाद्यवादनको प्रयोग, | धार्मिक स्थल तथा ऐतिहासिक स्थलहरूमा गरिने कामहरू, स्थानीय लोक भाकामा आधारित गीत, स्थानीय वाद्यवादनहरूको प्रयोग, | धार्मिक तथा ऐतिहासिक सम्पदाहरूमा गरिने कामको बारेमा जानकारी गराउने, नजिकमा रहेका सम्पदाहरूमा भ्रमण गराउने, स्थानीय गीत गाउन लगाउने, वाद्यवादनको प्रयोग गर्ने, | धार्मिक सम्पदा, ऐतिहासिक सम्पदाको चित्र, स्थानीय गीत सङ्गीतको भिडियो र वाद्यवादनका सामग्रीहरू | धार्मिक सम्पदा तथा ऐतिहासिक सम्पदाहरूको चित्र देखाइ वा भ्रमण गराइ त्यहाँ के के काम गरिन्छ सोध्ने, स्थानीय गीत गाउन लगाउने, वाद्यवादनका सामग्रीहरूको चित्र बनाइ रङ भर्न लगाउने, वाद्यवादनको प्रयोग के के मा गरिन्छ सोध्ने, | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४. | प्रकोप तथा विपद् व्यवस्थापन र हरित विद्यालय | विभिन्न प्रकोप र विपद्हरूबाट सुरक्षित रहन, हरित विद्यालयको संरक्षण गर्दा अपनाउने उपायहरू बताउन, | विभिन्न प्रकोप र विपद्हरूबाट सुरक्षा, हरित विद्यालयको संरक्षण गर्दा अपनाउने उपायहरू, | स्थानीय क्षेत्रमा हुन सक्ने प्रकोप तथा विपद्हरू (बाढी, पहिरो, आगालागी, भू-कम्प, हावाहुरी र चट्याङ) बाट सुरक्षित रहने उपायहरू, हरित विद्यालयको संरक्षण गर्दा अपनाउने उपायहरू जस्तैः गोडमेल गर्ने, लिपपोत गर्ने, बोट बिरुवा तथा फलफूल रोप्ने र तारवार गर्ने, रङरोगन गर्ने, | प्राकृतिक तथा मानवीय कारणबाट हुने विपद्हरू (बाढी, पहिरो, आगालागी, भू - कम्प, हावाहुरी र चट्याङ) बाट सुरक्षित रहने उपायहरू प्रत्यक्ष रूपमा अभिनय वा खेल विधिको माध्यमबाट गराउने, विद्यालयको चित्रमा रङ भर्न लगाउने र हरित विद्यालय प्रत्यक्ष रूपमा देखाउने, हरित विद्यालयको संरक्षण गर्दा गर्नुपर्ने कामहरूको बारेमा जानकारी गराउने र काममा सहभागी गराउने, | चित्र, भिडियो, विद्यालय, फलफूल तथा बोटबिरुवा, तारवारका सामग्रीहरू | स्थानीय क्षेत्रमा हुन सक्ने प्रकोप तथा विपद्हरू (बाढी, पहिरो, आगालागी, भू-कम्प, हावाहुरी र चट्याङ) बाट सुरक्षित रहनको लागि के के गर्नुपर्छ भनी सोध्ने र गर्न लगाउने, हरित विद्यालयको संरक्षण गर्न लगाउने, | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५. | सामाजिक मूल्य मान्यता र सकारात्मक व्यवहार | घर परिवार र गुरुहरूप्रति आदर सत्कार र शिष्टाचार गर्न, ब्रतबन्ध संस्कारको बारेमा बताउन, मान्यजनहरूप्रति सकारात्मक व्यवहारको अवलम्बन गर्न, | घर परिवार र गुरुहरूप्रति गरिने आदर सत्कार र शिष्टाचार, ब्रतबन्ध संस्कार, मान्यजनहरूप्रति सकारात्मक व्यवहारको अवलम्बन, | घर परिवार, गुरुहरू र साथीहरूलाई गरिने नमस्कार र सम्मान, ब्रतबन्ध विधि, मान्यजन, साथी र गुरुप्रति गरिने सकारात्मक व्यवहार जस्तैः सम्मानपूर्वक बोल्ने, आदरार्थी शब्दको प्रयोग गर्ने, प्रश्न गर्दा उठेर गर्न लगाउने, | घर परिवार, गुरुहरू र साथीहरूलाई नमस्कार र सम्मान गर्न सिकाउने, ब्रतबन्ध विधिको बारेमा प्रत्यक्ष वा भिडियो मार्फत् विस्तृत रूपमा जानकारी गराउने, मान्यजन, साथी र गुरुप्रति सकारात्मक व्यवहार गर्न सिकाउने, | चित्र, भिडियो, प्रत्यक्ष अभिनय | घर परिवार, गुरुहरू र साथीहरूलाई नमस्कार र सम्मान गर्न लगाउने, ब्रतबन्ध गर्दा के के गरिन्छ सोध्ने, ब्रतबन्ध गराउँदै गरेको भिडियो देखाइ आवश्यक प्रश्नहरू सोध्ने, मान्यजन, साथी र गुरुप्रति सकारात्मक व्यवहार गर्ने के कसरी हो भन्न र गर्न लगाउने, | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६. | स्थानीय पेसा व्यवसाय र आर्थिक क्रियाकलप | बालीनाली, फलफूल र तरकारीको फाइदा बताउन, घरपालुवा जनावर र पंक्षीको संरक्षण गर्ने तरिकाको सूची बनाउन, बाँस र काठबाट बन्ने सामानको नाम र फाइदा बताउन, व्यापार र पर्यटकीय क्षेत्रबाट हुने फाइदा बताउन, | कृषि, घरेलु तथा साना उद्योग, व्यापार र पर्यटकीय क्षेत्रबाट हुने फाइदा, | गाउँघरमा उत्पादन हुने खेतीबालीहरू, तरकारीहरूबाट मानव जीवनमा हुने फाइदा, घरपालुवा जनावर र पंक्षीको संरक्षण गर्ने तरिकाहरू, बाँस र काठबाट बन्ने सामानको नाम र फाइदा, व्यापारिक क्षेत्रहरू र पर्यटकीय स्थलहरू ( मन्दिर, होमस्टे) बाट हुने फाइदा, | गाउँघरमा उत्पादन हुने खेतीबालीहरू, तरकारीहरू, प्रत्यक्ष देखाउने र तिनीहरूबाट हुने फाइदा बताउने, घरपालुवा जनावर र पंक्षीको संरक्षण गर्दा अपनाउने तरिकाहरूको सूची तयार गर्ने, बाँस र काठबाट बन्ने सामानहरू देखाइ नाम र फाइदा बताउने, नजिकको व्यापारिक क्षेत्रहरू र पर्यटकीय क्षेत्रको भ्रमण गराउने र त्यसबाट मानिसलाई हुने फाइदा बताउने, | बालीनाली, तरकारी, जनावर र पंक्षीको चित्र, बाँस र काठबाट बनेका सामग्रीहरू व्यापारिक र पर्यटकीय क्षेत्रको चित्र तथा भिडियोहरू, | गाउँघरमा उत्पादन हुने खेतीबालीहरू, तरकारीहरू, प्रत्यक्ष देखाउने र फाइदा भन्न लगाउने, घर पालुवा जनावर र पंक्षीको संरक्षण गर्ने तरिकाको सूची बनाउन लगाउने, बाँस र काठबाट बन्ने सामानहरू देखाइ नाम र फाइदा सोध्ने र कुनै एक सामग्री निर्माण गर्न लगाउने,व्यापारिक क्षेत्रहरू र पर्यटकीय स्थलहरूको चित्र र भिडियो देखाइ त्यसबाट हुने फाइदा सोध्ने, | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७. | खेलकुद, शारीरिक सुस्वास्थ्य र सरसफाइ | स्थानीय खेलहरूको नाम बताउन र खेल खेल्न, योग र ध्यानको प्रारम्भिक अभ्यास गर्न, व्यक्तिगत र विद्यालयको सरसफाइ गर्न, | स्थानीय खेलहरू, योग र ध्यान, व्यक्तिगत र विद्यालयको सरसफाइ | स्थानीय स्तरमा खेलिने खेलहरू, ठिक बसाइ सम्बन्धी जानकारी, मेरुदण्ड सोझो बसाइ, पञ्च तालीको अभ्यास, ज्ञान मुद्रा (आँखा चिम्लेर बुढी र चोर औंलाको टुप्पा जोडेर बाँकी तिन औंला सोझो गरेर घुँडामाथि राखी शान्त बस्न लगाउने, दाँत माझ्ने, नङ काट्ने, कपाल कोर्ने, साबुन पानीले हातमुख धुने र मास्कको प्रयोग, कक्षाकोठाको सरसफाइ | स्थानीय स्तरमा खेलिने खेलहरू जस्तै कपर्दी, भलिबल खेलाउने, ठिक बसाइ सम्बन्धी जानकारी, मेरुदण्ड सोझो गरी बसाइ, पञ्च तालीको अभ्यास, ज्ञान मुद्रा (आँखा चिम्लेर बुढी र चोर औंलाको टुप्पा जोडेर बाँकी तिन औंला सोझो गरेर घुँडामाथि राखी शान्त बस्न लगाउने, दाँत माझ्ने, नङ काट्ने, कपाल कोर्ने, साबुन पानीले हातमुख धुने र मास्कको प्रयोग गराउने, कक्षाकोठाको सरसफाइ गर्न सिकाउने | खेल सामग्री, व्यक्तिगत सरसफाइका सामग्रीहरू, भिडियोहरू, कक्षाकोठा सरसफाइका सामग्रीहरू, | स्थानीय स्तरमा खेलिने खेलहरू समूहमा खेल्न लगाउने, ठिक तरिकाले बसाइ गर्न लगाउने, मेरुदण्ड सोझो गरी बस्न लगाउने, पञ्च ताली बजाउन लगाउने, ज्ञान मुद्राको दाँत माझ्न, नङ काट्न, कपाल कोर्न, साबुन पानीले हातमुख धुन लगाउने, | |

कक्षा ३

| क्र.स. | क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | सिकाइ सामग्री | मूल्याङ्कन प्रक्रिया | क घ |
|---|---|---|---|---|---|---|---|---|
| १. | हाम्रो गाउँपालिका | गाउँपालिकाको क्षेत्रफल बताउन, चार दिशाको सिमानामा रहेका गाउँपालिका/नगरपालिकाको नाम बताउन, शैक्षिक संस्थाहरू र आफ्नो वडामा रहेका संस्थाहरूले गर्ने काम बताउन, | गाउँपालिकाको क्षेत्रफल, चार दिशाको सिमानामा रहेका गाउँपालिका/नगरपालिकाको नाम, शैक्षिक संस्थाहरू र आफ्नो वडामा रहेका संस्थाहरूले गर्ने काम, | गाउँपालिकाको क्षेत्रफल अक्षर र अङ्कमा, चार दिशाको सिमानामा रहेका गाउँपालिका/नगरपालिकाको नाम, शैक्षिक संस्थाहरू र आफ्नो वडामा रहेका संस्थाहरू (वडा कार्यालय, स्वास्थ्य चौकी) ले गर्ने महत्त्वपूर्ण कामहरू, | गाउँपालिकाको क्षेत्रफलको बारेमा जानकारी गराउने, चार दिशाको सिमानामा रहेका गाउँपालिका/नगरपालिकाको नाम बताउने, शैक्षिक संस्थाहरू र आफ्नो वडामा रहेका संस्थाहरूले गर्ने कामको सूची तयार गर्ने, आफ्नो वडामा रहेका संस्थाहरू (वडा कार्यालय, स्वास्थ्य चौकी) ले गर्ने महत्त्वपूर्ण कामहरू प्रत्यक्ष वा भिडियो मार्फत देखाउने, | गाउँपालिकाको नक्सा, संस्थाहरूको चित्र, संस्थाले गर्ने कार्य झल्कने सामग्रीहरू, भिडियोहरू | गाउँपालिकाको क्षेत्रफल अङ्क र अक्षरमा लेख्न लगाउने, चार दिशाको सिमानामा रहेका गाउँपालिका/नगरपालिकाको नाम बताउने, शैक्षिक संस्थाहरू र आफ्नो वडामा रहेका संस्थाहरूले गर्ने कामको सूची तयार गर्न लगाउने, आफ्नो वडामा रहेका संस्थाहरू (वडा कार्यालय, स्वास्थ्य चौकी) ले गर्ने महत्त्वपूर्ण कामहरूको बारेमा सोध्ने, | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २. | प्राकृतिक स्रोत र सम्पदा | वनस्पति र जडिबुटीले मानव स्वास्थ्यमा पुऱ्याउने फाइदा बताउन, घरपालुवा जनावरको फाइदा बताउन, फोहोरमैलाको वर्गीकरण (कुहिने र नकुहिने) गर्न, वातावरण प्रदूषण न्युनीकरण गर्न अपनाउने उपायहरू अबलम्बन गर्न, वन्यजन्तु तथा पंक्षीको नाम र फाइदा बताउन, नदिनाला, धुरी, | वनस्पति र जडिबुटीले मानव स्वास्थ्यमा पुऱ्याउने फाइदा, घरपालुवा जनावरको फाइदा, फोहोरमैलाको वर्गीकरण (कुहिने र नकुहिने), वातावरण प्रदूषण न्युनीकरण गर्न अपनाउने उपायहरूको अवलम्बन, वन्यजन्तु तथा पंक्षीको नाम र फाइदा, नदिनाला, धुरी, लेक र | वनस्पति र जडिबुटीले मानव स्वास्थ्यमा पुऱ्याउने फाइदा, घरपालुवा जनावरबाट मानिसलाई हुने फाइदा, फोहोरमैलाको वर्गीकरण (कुहिने र नकुहिने) छुट्टाछुट्टै, वातावरण प्रदूषण न्युनीकरण गर्न अपनाउने उपायहरूको अबलम्बन जस्तैः जथाभावी फोहोरमैला नगर्ने, कुहिने वस्तुबाट | वनस्पति र जडिबुटीको प्रयोगबाट मानव स्वास्थ्यमा हुने फाइदाको बारेमा जानकारी गराउने, घरपालुवा जनावरबाट मानिसलाई हुने फाइदा बताउने, फोहोरमैलाको वर्गीकरण (कुहिने र नकुहिने) प्रयोगात्मक रूपमा गर्ने, वातावरण प्रदूषण न्युनीकरण गर्न | जडिबुटी हरू, चित्र, सरसफाइ तथा वन्यजन्तु र पंक्षी झल्कने सामग्रीहरू, भिडियोहरू । | वनस्पति र जडिबुटीको प्रयोगबाट मानव स्वास्थ्यमा हुने फाइदाको सूची गराउन लगाउने, घरपालुवा जनावरबाट मानिसलाई हुने फाइदा उदाहरणसहित भन्न लगाउने, फोहोरमैलाको वर्गीकरण (कुहिने र नकुहिने) गर्न लगाउने, वातावरण प्रदूषण | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | लेक र झरनाबाट मानिसले लिन सक्ने फाइदा बताउन, | झरनाबाट मानिसले लिन सक्ने फाइदा, | प्राङ्गारिक मल बनाउन सकिने, विद्युतीय उपकरणको प्रयोगमा जोड दिने, वन्यजन्तु तथा पंक्षीको नाम र तिनीहरूबाट मानिसलाई हुने फाइदा, नदिनाला, धुरी, लेक र झरनाबाट मानिसले लिन सक्ने फाइदा, | अपनाउने उपायहरूको बारेमा सामूहिक छलफल गराउने, वन्यजन्तु र पंक्षीको नाम र तिनीहरूबाट मानिसलाई हुने फाइदा चित्र वा भिडियो मार्फत स्पष्ट गराउने, नदिनाला, धुरी, लेक र झरनाबाट हुने फाइदाहरू बताउने ( सम्भव हुने भएमा प्रत्यक्ष अवलोकन गराउनुपर्ने), | | न्युनीकरण गर्न अपनाउने उपायहरूको बारेमा सामूहिक छलफल गराइ निष्कर्ष निकाल्न लगाउने, वन्यजन्तु र पंक्षीको नाम र तिनीहरूबाट मानिसलाई हुने फाइदा सोध्ने, नदिनाला, धुरी, लेक र झरनामा भ्रमण गराइ वस्तुगत प्रश्नहरू सोध्ने, | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. | धार्मिक, सांस्कृतिक ऐतिहासिक तथा स्थानीय गीत सङ्गीत | धार्मिक स्थल तथा ऐतिहासिक स्थलहरूको संरक्षण गर्ने उपायहरू बताउन, स्थानीय लोकभाकामा आधारित गीत गाउन, स्थानीय वाद्यवादनको अभ्यास गर्न, | धार्मिक स्थल तथा ऐतिहासिक स्थलहरूको संरक्षण, स्थानीय लोकभाकामा आधारित गीत, स्थानीय वाद्यवादनको अभ्यास, | धार्मिक स्थल तथा ऐतिहासिक स्थलहरूको संरक्षण गर्दा अपनाउनुपर्ने उपायहरू, स्थानीय लोकभाकामा आधारित गीत, स्थानीय वाद्यवादनको निर्माण र अभ्यास, | धार्मिक स्थल तथा ऐतिहासिक स्थलहरूको संरक्षण गर्दा अपनाउनुपर्ने उपायहरू, स्थानीय लोकभाकामा आधारित गीत, स्थानीय वाद्यवादनको निर्माण र अभ्यास, | धार्मिक, ऐतिहासिक सम्पदाको चित्र, स्थानीय गीत सङ्गीतको भिडियो र वाद्यवादनका सामग्रीहरू, | धार्मिक स्थल तथा ऐतिहासिक स्थलहरूको संरक्षण गर्ने उपायहरूको सूची बनाउन लगाउने, स्थानीय लोकभाकामा आधारित गीत लेख्न तथा गाउन लगाउने, स्थानीय वाद्यवादनको निर्माण तथा अभ्यास गर्न लगाउने, | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४. | प्रकोप तथा विपद् व्यवस्थापन र हरित विद्यालयको | प्राकृतिक तथा मानवीय कारणबाट हुने विपद्हरूबाट सतर्क रहन, सवारी दुर्घटनाबाट सतर्क रहन, विद्यालयको वातावरण सफा एवम् हरियाली बनाउन, | प्राकृतिक तथा मानवीय कारणबाट हुने विपद्हरूबाट सचेत, सवारी दुर्घटनाबाट सतर्क, विद्यालयको वातावरण, | प्राकृतिक कारणबाट हुन सक्ने प्रकोप तथा विपद्हरू (बाढी, पहिरो, भू-कम्प, हावाहुरी र चट्याङ) बाट सतर्क रहने उपायहरू, सवारी दुर्घटनाबाट सतर्क (जेब्रा क्रसिङको प्रयोग गर्ने, दायाँबायाँ हेरेर मात्र बाटो काट्ने, देब्रे साइडबाट पैदल यात्रा गर्ने) कक्षा कोठा र विद्यालय वरिपरिको सफा एवम् हरियाली वातावरण, | प्राकृतिक कारणबाट हुन सक्ने प्रकोप तथा विपद्हरू (बाढी, पहिरो, भू-कम्प, हावाहुरी र चट्याङ) का कारणहरूको बारेमा स्पष्ट गर्ने र तिनीहरूबाट सतर्क रहनको लागि प्रत्यक्ष अभिनय, चित्र वा भिडियो मार्फत स्पष्ट पार्ने, सवारी दुर्घटनाबाट सतर्क रहने | चित्र, भिडियो, जेब्रा क्रसिङ सँग सम्बन्धित सामग्रीहरू, सफा एवम् हरियाली विद्यालय, पत्रपत्रिका | प्राकृतिक कारणबाट हुन सक्ने प्रकोप तथा विपद्हरू (बाढी, पहिरो, भू-कम्प, हावाहुरी र चट्याङ) का कारणहरू सोध्ने र तिनीहरूबाट सतर्क रहनको लागि अपनाउने उपायहरू सोध्ने, सवारी दुर्घटनाबाट सतर्क रहन अपनाउनुपर्ने उपायहरू के के हुन् भन्न लगाउने, | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | उपायहरू विभिन्न खेल माध्यम वा अभिनय विधिबाट स्पष्ट पार्ने र दुर्घटना न्यूनीकरण गर्न सचेत गराउने, कक्षा कोठा र विद्यालय वरिपरिको वातावरण सफा एवम् हरियाली गराउने, सफा एवम् हरियाली विद्यालय बनाउन गर्नु पर्ने कामहरूको सूची प्रस्तुत गर्ने, | | कक्षा कोठा र विद्यालय वरिपरिको वातावरण सफा एवम् हरियाली गराउन लगाउने र प्रत्यक्ष अवलोकन गर्ने, सफा एवम् हरियाली विद्यालय बनाउन गर्नु पर्ने कामहरूको सूची एकल वा सामूहिक रूपमा प्रस्तुत गर्न लगाउने, | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५. | सामाजिक मूल्य मान्यता र सकारात्मक व्यवहार | छरछिमेक, समाजसेवी र मान्यजनहरूप्रति आदर, सत्कार र शिष्टाचार गर्न, सकारात्मक जीवनशैलीको अवलम्बन, विवाह संस्कार तथा चौरासी पूजाको बारेमा बताउन, आफूभन्दा सानालाई माया र साथी भाइलाई सहयोग गर्न , | छरछिमेक, समाजसेवी र मान्यजनहरूप्रति आदर, सत्कार र शिष्टाचार, सकारात्मक जीवनशैलीको अवलम्बन, विवाह संस्कार तथा चौरासी पूजा, आफूभन्दा सानालाई माया र साथी भाइलाई सहयोग, | छरछिमेक, समाजसेवी र मान्यजनहरूप्रति आदर, सत्कार र शिष्टाचार (नमस्कार, नम्र बोली, सम्मान) सकारात्मक जीवनशैली (समयमा उठ्ने नित्य कर्म गर्ने, अध्ययन गर्ने, घरायसी काममा सहयोग गर्ने र स्वाबलम्बी हुने), विवाह संस्कार तथा चौरासी पूजा (विधि तथा प्रक्रिया र खर्चको मितव्ययिता), | छरछिमेक, समाजसेवी र मान्यजनहरूप्रति आदर, सत्कार र शिष्टाचार (नमस्कार, नम्र बोली, सम्मान) को व्यवहारिक अभ्यास गराउने, सकारात्मक जीवनशैली (समयमा उठ्ने नित्य कर्म गर्ने, अध्ययन गर्ने, घरायसी काममा सहयोग गर्ने र स्वाबलम्बी हुने) को समयतालिका निर्माण गरी | चित्र, भिडियो, समय तालिका, विवाह र चौरासी पूजाको लागि निमन्त्रणा पत्र, सकारात्मक व्यवहार झल्कले ( सानालाई माया र साथीलाई सहयोग गरेका) | छरछिमेक, समाजसेवी र मान्यजनहरूप्रति आदर, सत्कार र शिष्टाचार (नमस्कार, नम्र बोली, सम्मान) को व्यवहारिक अभ्यास गर्न लगाउने, सकारात्मक जीवनशैली (समयमा उठ्ने नित्य कर्म गर्ने, अध्ययन गर्ने, घरायसी काममा सहयोग गर्ने र स्वावलम्बी हुने) को समयतालिका | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आफूभन्दा सानालाई माया र साथी भाइलाई सहयोग गर्न, | दैनिक अभ्यास गर्न लगाउने, विवाह संस्कार तथा चौरासी पूजा (विधि तथा प्रक्रिया र खर्चको मितव्ययिता) को बारेमा सामूहिक क्रियाकलाप गराउने, उपयुक्त विधिको प्रयोग गरी आफूभन्दा सानालाई माया गर्न सिकाउने र साथी भाइलाई सहयोग गर्न सिकाउने, | सामग्रीह रू | निर्माण गरी दैनिक अभ्यास गर्न लगाउने, विवाह संस्कार तथा चौरासी पूजा (विधि तथा प्रक्रिया र खर्चको मितव्ययिता) को बारेमा सामूहिक छलफल गराइ मूल्याङ्कन गर्ने, आफूभन्दा सानालाई माया र साथी भाइलाई सहयोग गर्न लगाइ मूल्याङ्कन गर्ने, | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६. | स्थानीय पेसा व्यवसाय र आर्थिक क्रियाकलाप | खाद्यान्न, तरकारी तथा फलफूलको फाइदा बताउन, पशुपंक्षी पालनबाट मानव जीवनमा हुने फाइदा बताउन, दुग्ध र निगालो तथा बाँस उद्योगको फाइदा बताउन, व्यापार र पर्यटकीय स्थलहरूले गर्ने काम बताउन, | खाद्यान्न, तरकारी तथा फलफूलको फाइदा, पशुपंक्षी पालनबाट मानव जीवनमा हुने फाइदा, दुग्ध र निगालो तथा बाँस उद्योगको फाइदा, व्यापार र पर्यटकीय स्थलहरूले गर्ने काम, | खाद्यान्न बाली, (धान, गहुँ, मकै,कोदो) तरकारी खेती (सिमी , केराउ, सागपात, बोडी , आलु , तरुल) फलफूल खेती (सुन्तला, केरा, मेवा, अम्बा, अङ्गुर, प्लम) पशु पंक्षी पालन (गाई, भैंसी, बाख्रा, कुखुरा, हाँस, परेवा, बट्टाई, टर्की) बाट मानव जीवनमा हुने फाइदा, दुग्ध, निगालो तथा बाँस उद्योग (डोको, डालो, थुन्से, मान्द्रो, स्याखु) को फाइदा, विभिन्न व्यापार र पर्यटकीय स्थल (सत्यवती मन्दिर, बरेङ बजार, होमस्टे, भातेपोखरा, छहरेखोला झरना, भित्रिवन देउराली) ले गर्ने मुख्य मुख्य कामहरू, | खाद्यान्न बाली,तरकारी खेती, फलफूल खेती र पशु पंक्षी पालनको प्रत्यक्ष अवलोकन गराइ तिनीहरूबाट मानव जीवनमा हुनेफाइदहरूको सूची बनाउने, दुग्ध, निगालो तथा बाँस उद्योगको फाइदाको जानकारी गराउने, विभिन्न व्यापार र पर्यटकीय स्थलको भ्रमण गराउने र तिनीहरूले गर्ने मुख्य मुख्य कामको सूची तयार गर्ने, | खाद्यान्न बालीहरू, तरकारीहरू, फलफूलहरू, पशुपंक्षीका चित्रहरू, बाँस र निगालोबाट बन्ने सामग्रीहरू, भिडियोहरू | खाद्यान्न बाली, तरकारी खेती, फलफूल खेती र पशु पंक्षी पालनको प्रत्यक्ष अवलोकन गराइ तिनीहरूबाट मानव जीवनमा हुने फाइदाहरूको सूची बनाउन लगाउने, दुग्ध, निगालो तथा बाँस उद्योगको फाइदाको बारेमा एकल वा सामूहिक प्रश्न गर्ने, विभिन्न व्यापार र पर्यटकीय स्थलको भ्रमण गराइ तिनीहरूले गर्ने मुख्य मुख्य कामको सूची तयार गर्न लगाउने र प्रश्नहरू सोध्ने (प्रश्नहरू सोध्ने क्रममा वस्तुगत प्रश्नहरूको बढी प्रयोग गर्ने) | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७. | खेलकुद, शारीरिक सुस्वास्थ्य र सरसफाइ | स्थानीय खेलहरूको नाम बताउन र खेल खेल्न, योग र ध्यानको प्रारम्भिक अभ्यास गर्न, व्यक्तिगत, विद्यालय र घरको सरसफाइ गर्न, | स्थानीय खेलहरूको नाम, योग र ध्यानको प्रारम्भिक अभ्यास, व्यक्तिगत, विद्यालय र घरको सरसफाइ, | स्थानीय स्तरमा खेलिने खेलहरू (कपर्दी, डण्डिबियो, भलिबल) ठिक बसाइ सम्बन्धी जानकारी, मेरुदण्ड सोझो गरी बसाइ, पञ्च तालीको अभ्यास, ज्ञान मुद्रा (आँखा चिम्लेर बुढी र चोर औंलाको टुप्पा जोडेर बाँकी तिन औंला सोझो गरेर घुँडामाथि राखी शान्त बस्न लगाउने, दाँत माझ्ने, नङ काट्ने, कपाल कोर्ने, साबुन पानीले हातमुख धुने र मास्कको प्रयोग, कक्षाकोठा, विद्यालय र घरको सरसफाइ | स्थानीय स्तरमा खेलिने खेलहरू जस्तै कपर्दी, डण्डिबियो, भलिबल खेलाउने, ठिक बसाइ सम्बन्धी जानकारी, मेरुदण्ड सोझो गरी बसाइ, पञ्च तालीको अभ्यास, ज्ञान मुद्रा (आँखा चिम्लेर बुढी र चोर औंलाको टुप्पा जोडेर बाँकी तिन औंला सोझो गरेर घुँडामाथि राखी शान्त बस्न लगाउने, दाँत माझ्ने, नङ काट्ने, कपाल कोर्ने, साबुन पानीले हातमुख धुने र मास्कको प्रयोग गराउने, कक्षाकोठा, विद्यालय र घरको सरसफाइ गर्न सिकाउने | खेल सामग्री, व्यक्तिगत सरसफाइका सामग्रीहरू, भिडियोहरू, कक्षाकोठा सरसफाइका सामग्रीहरू, म्याट्रेस, | स्थानीय स्तरमा खेलिने खेलहरू समूहमा खेल्न लगाउने, ठिक तरिकाले बसाइ गर्न लगाउने, मेरुदण्ड सोझो गरी बस्न लगाउने, पञ्च ताली बजाउन लगाउने, ज्ञान मुद्राको अभ्यास गर्न लगाउने, दाँत माझ्न, नङ काट्न, कपाल कोर्न, साबुन पानीले हातमुख धुन लगाउने, कक्षाकोठा, विद्यालय र घरको सरसफाइ गर्न लगाउने, | |

## १४. सिकाइ सहजीकरण विधि तथा प्रक्रियाः

यस पाठ्यक्रमलाई विद्यालयमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न विद्यार्थीहरूलाई देहाय बमोजिमका विधि तथा प्रक्रियाहरू अवलम्बन गराउनुपर्ने छः

१. कथाकथन एवम् गीतः यस विधिमा विषयवस्तुलाई कथाको रूपमा तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ ।

२. आगमन विधिः यसमा सूचनाहरूको संकलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टि तथा निष्कर्षको प्रक्रिया प्रयोग गरिन्छ ।

३. भूमिका निर्वाह/अभिनय विधिः यसमा सन्दर्भ र भूमिकाहरूको बारेमा छलफल तथा निर्धारण, भूमिका वहन, छलफल र निष्कर्ष निकाल्ने कार्य गरिन्छ ।

४. सामूहिक क्रियाकलाप विधिः यसमा समूह निर्माण गरी सामूहिक छलफल तथा प्रश्नोत्तर गरिन्छ ।

५. छलफल र प्रश्नोत्तर विधिः यसमा शिक्षक र विद्यार्थी, विद्यार्थी र विद्यार्थी बिचमा छलफल तथा प्रश्नोत्तर गरिन्छ ।

६. अवलोकन विधिः यसमा कुनै पनि विषयवस्तुमा केन्द्रित रही प्रत्यक्ष अवलोकन गरी वास्तविक वस्तुस्थितिको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ ।

७. क्षेत्र भ्रमण विधिः यसमा कुनै निश्चित क्षेत्रमा प्रत्यक्ष भ्रमण गरी वास्तविक ज्ञान हासिल गर्न सकिन्छ ।

८. खेल विधिः यसमा एकल वा सामूहिक खेल मार्फत विषयवस्तुलाई प्रस्तुत गरिन्छ ।

९. खोज विधिः यसमा विद्यार्थीहरूलाई विषयवस्तु दिई त्यसको वास्तविकताको बारेमा खोजी गर्न लगाइन्छ ।

१०. अभ्यास विधिः यसमा बारम्बार अभ्यास गराइन्छ ।

११. प्रविधियुक्त कक्षाः यसमा सूचना प्रविधिको उच्चतम प्रयोग गरी विद्यार्थीलाई धारणात्मक ज्ञान प्रदान गरिन्छ ।

१२. सिर्जनात्मक कार्यः यसमा विद्यार्थीको अन्तर्निहित क्षमताको प्रस्फुटन गर्न सिर्जनात्मक कार्य गर्न उत्प्रेरित गरिन्छ ।

१३. समस्या समाधान विधिः यसमा विद्यार्थीहरूलाई समस्या दिई समाधान खोज्नको लागि उत्प्रेरित गरिन्छ ।

# १४. क) विद्यार्थी मूल्याङ्कनका तरिका र साधनः

कक्षा १-३ का विद्यार्थीहरूको मूल्याङ्कन गर्दा निम्न अनुसारका तरिका र साधनहरूको प्रयोग गर्नेः

| क्र.स. | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधन | कैफियत |
|---|---|---|---|
| १. | अवलोकन | रुजुसूची, श्रेणीमापन, मौखिक प्रश्न, फाराम, घटना वर्णन | |
| २. | मौखिक कार्य | प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृश्य सामग्री | |
| ३. | लिखित कार्य | प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृश्य सामग्री, | |
| ४. | परियोजना तथा प्रयोगात्मक कार्य | रुजुसूची, श्रेणीमापन, मौखिक प्रश्न, | |
| ५. | कार्य सम्पादन तथा प्रदर्शन | रुजुसूची, श्रेणीमापन, मौखिक प्रश्न, | |
| ६. | सहपाठी मूल्याङ्कन | रुजुसूची, श्रेणीमापन, फाराम, | |
| ७. | स्व-मूल्याङ्कन | रुजुसूची, श्रेणीमापन, फाराम, | |
| ८. | अभिभावकको प्रतिक्रिया | रुजुसूची, श्रेणीमापन, फाराम, | |
| ९. | कुराकानी, छलफल | रुजुसूची, श्रेणीमापन, फाराम, | |

# १४. ख) विद्यार्थीको उपलब्धिस्तर र यसको सामान्य व्याख्याः

| क्र.स. | उपलब्धि स्तर | मापन | उपलब्धि स्तरको सामान्य व्याख्या |
|---|---|---|---|
| १. | कमजोर | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| २. | सामान्य | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| ३. | राम्रो | ३ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको |
| ४. | उच्च | ४ | माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

## १५. पाठ्यक्रम कार्यान्वयन प्रक्रियाः

पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गतिशील प्रक्रिया भएकाले यसको निर्माण र कार्यान्वयन सहज रेखीय पद्दतिका रूपमा नभई अन्तरसम्बन्धित चक्रका रूपमा रहने गर्दछ । पाठ्यक्रमका सन्दर्भहरूको विश्लेषण गरी अवधारणा विकास, पाठ्यक्रमको मस्यौदा तयार, विभिन्न सरोकारवालाहरूसँगको छलफलबाट राय तथा सुझाव प्राप्त गरी प्राप्त सुझावहरू समेतलाई उपयुक्तताका आधारमा समावेश गरी यो पाठ्यक्रम तयार गरिएको छ । यस पाठ्यक्रमको कार्यान्वयन गर्न शिक्षकको भूमिका महत्त्वपूर्ण हुने छ । विद्यार्थीहरूलाई परियोजना कार्य र भ्रमणको माध्यमबाट स्थानीय वातावरणको

अवलोकन गराइने छ । विद्यालयले पाठ्यक्रम कार्यन्वयन गर्दा अनिवार्य रूपमा नेपाली भाषाको प्रयोग गर्नुपर्ने छ । बरेङ गाउँपालिकाका विवरणहरू सङकलन गरी पठनपाठनमा प्रयोग गरिने छ । विद्यार्थीहरूको समूहकार्य, अन्तरक्रिया र प्रयोगात्मक कार्यलाई जोड दिइने छ । शिक्षण सिकाइ, विधि तथा प्रक्रियालाई क्रियाकलापमुखी तथा विद्यार्थी केन्द्रित बनाइएकाले विद्यार्थीको मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गरिनुपर्दछ ।बरेङ गाउँपालिकाद्वारा निर्माण गरिएको यो स्थानीय पाठ्यक्रम कक्षा (१-३) बरेङ गाउँपालिकामा रहेका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयमा शैक्षिक सत्र २०७८ देखि कक्षा १-३ मा नै कार्यान्वयन गरिने छ ।

## १६. विद्यार्थी मूल्याङ्कन गर्ने तरिकाः

१. मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तर अनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्दछ । मुख्य सिकाइ उपलब्धिहरू २५ वटा रहेका छन् ।

२. एउटा सिकाइ उपलब्धि मापन गर्न एक वा एकभन्दा बढी मूल्याङ्कनका साधनहरू आवश्यक हुन सक्दछन् ।

३. नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ वा ३ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी क्रमशः ४ पुऱ्याउनु अपेक्षित छ ।

४. सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि उपलब्धि प्रतिशत निम्नानुसार निकाल्नुपर्दछः

- उपलब्धि प्रतिशत = $\frac{\text{उपलब्धि स्तरको अङ्कको जोड}}{\text{४×मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिको सङ्ख्या}} \times १००$

- उपलब्धि स्तरलाई अक्षराङ्कनसँग मिलान गरी निम्नानुसार प्रस्तुत गर्नुपर्ने छः

| क्र.स. | उपलब्धि प्रतिशत | अक्षरमा उपलब्धि स्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|
| १. | ०-२० | E | ज्यादै कमजोर |
| २. | २०-४० | D | कमजोर |
| ३. | ४०-६० | C | सामान्य |
| ४. | ६०-७५ | B | राम्रो |
| ५. | ७५-९० | A | उच्च |
| ६. | ९०-१०० | A+ | उत्कृष्ट |

## १७. पाठ्यक्रम मूल्याङ्कन, परिमार्जन र सुधारः

समय परिवर्तनशील छ । पाठ्यक्रम एक गतिशील प्रक्रिया भएकोले समयको परिवर्तनसँगै परिमार्जित हुनु आवश्यक छ । एकपटक विकास गरिएको पाठ्यक्रम सधैंका लागि उपयोगी नहुन सक्छ । पाठ्यक्रमको उचित मूल्याङ्कन गरी सरोकारवालाहरूबाट प्राप्त सुझावहरूलाई आत्मसात गर्दै समयको माग बमोजिम पाठ्यक्रम परिमार्जन तथा सुधार हुनु आवश्यक छ । बरेङ गाउँपालिकामा लागु भएको

पाठ्यक्रममा सामान्य सुधार तथा अद्यावधिक निरन्तर रूपमा हुने गर्दछ भने कार्यान्वयन भएको पाँच वर्षमा पुनरावलोकन गरिने छ भने कार्यान्वयन भएको दश वर्षमा पाठ्यक्रम कार्यान्वयनको मूल्याङ्कन गरी त्यसका आधारमा पाठ्यक्रममा आवश्यक परिमार्जन गरिने छ ।